बागमती प्रदेश सभा

# सार्वजनिक लेखा समिति

# पाँचौँ वार्षिक प्रतिवेदन, २०८१




## सार्वजनिक लेखा समितिको सचिवालय

बागमती प्रदेश, हेटौंडा, नेपाल

बागमती प्रदेश सभा

# सार्वजनिक लेखा समिति

# पाँचौं वार्षिक प्रतिवेदन,२०८१

सार्वजनिक लेखा समिति सचिवालय

बागमती प्रदेश, हेटौंडा, नेपाल

# सार्वजनिक लेखा समितिमा रहनु भएका माननीय सदस्यहरु



**मा. श्रीराम लामिछाने**

सभापति

## सदस्यहरू



मा. इन्द्र प्रसाद गोतामे



मा. कृष्णकुमार तामाङ



मा. कृष्णप्रसाद सिलवाल



मा. गिर बहादुर तामाङ



मा. पुकार महर्जन



मा. प्रेम बहादुर पुलामी



मा. भरत बहादुर के.सी.



मा. मातृका प्रसाद भट्टराई



मा. माया कुमारी कार्की



मा. माया श्रेष्ठ



मा. मीन कृष्ण महर्जन



मा. राजेन्द्र प्रजापति



मा. वसन्त प्रसाद मानन्धर



मा. विनु रायमाझी पौडैल



मा. शुकमाया तामाङ



मा. सरिता खड्गी



मा. सुरजचन्द्र लामिछाने



विष्णुकुमार भट्टराई

समिति सचिव

# मन्तब्य



**माननीय सभामुखज्यू,**

बागमती प्रदेश, सार्वजनिक लेखा समितिको सभापतिको हैसियतले बार्षिक प्रतिवेदन २०८१ लाई यस सम्मानित सभामा प्रस्तुत गर्न पाउँदा मलाई गौरब लागेको छ। मलाई यस समितिको भूमिका निर्वाह गर्ने जिम्मेबारी दिनु हुने माननीय सभामुखज्यू, उप-सभामुखज्यू तथा सम्पूर्ण माननीयज्यूहरुमा आभार प्रकट गर्दछु।

साथै, समिति सञ्चालनको कार्यमा सहयोग गर्नु हुने समिति सचिव, अन्य कर्मचारी र मर्यादापालकहरुलाई सहयोगको लागि धन्यवाद दिन चाहन्छु।

**माननीय सभामुखज्यू,**

प्रदेश सरकारलाई प्रदेश सभाप्रति उत्तरदायी र जवाफदेही बनाउन, प्रदेश सरकारबाट भए गरेका काम कारबाहीको अनुगमन र मूल्याङ्कन गरी आवश्यक निर्देशन वा राय सल्लाह दिनको लागि बागमती प्रदेश सभा नियमावली, २०७४ अनुसार गठित **सार्वजनिक लेखा समिति**को कार्यक्षेत्रमाः

- महालेखापरीक्षकको वार्षिक प्रतिवेदन, बेरुजू फछ्र्यौट र प्रदेश सरकारको सार्वजनिक लेखा सम्बन्धी र
- प्रदेश सभा नियमावली, २०७४ को दफा १५१ ले निर्दिष्ट गरेका विभिन्न काम, कर्तब्य र अधिकारमध्ये **सार्वजनिक लेखा समिति**ले सार्वजनिक सम्पत्तिको हिनामिना भए, नभएको विषयमा अध्ययन, अनुगमन र मूल्याङ्कन गरी आवश्यक निर्देशन दिने र बैठकमा प्रतिवेदन पेश गर्ने, सार्वजनिक निकायको राजश्व र व्ययमा के कति रकम वार्षिक रुपमा किफायत गर्न सकिन्छ भनी सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने सम्बन्धी मुख्य कार्यहरु रहेको जानकारी गराउन चाहन्छु।

महालेखापरीक्षकको कार्यालयबाट औंल्याइएका सार्वजनिक खर्च सम्बन्धी अनियमिततालाई सुक्ष्म तबरले निरगरानी गरी खर्चको प्रकृयाको सिलसिलामा सम्बन्धित नियकाहरुबाट नियमितता, औचित्यता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारितका समावेश भए नभएको अनुगमन गर्दै आर्थिक अनुशासन कायमका साथै सुशासन कायम प्रबाह गर्न राय परामर्श लगायत आवश्यकता अनुसार निर्देशन समेत दिनु यो समितिको मुख्य कर्तब्य र जिम्मेवारी ठानेको छु।

**माननीय सभामुखज्यू,**

यस आर्थिक वर्षको विगतमा यस समितिको ४ वटा वैठक बसेको पाइयो। उक्त अवधिमा बागमती प्रदेश सभाले **सार्वजनिक लेखा समितिको कार्य सञ्चालन कार्यविधि, २०८०** प्राप्त गर्न सफल भएकोमा तत्कालीन सभापति मा. श्री ठाकुर प्रसाद ढकालज्यू र सम्पूर्ण माननीय सदस्यज्यूहरुलाई हार्दिक साधुबाद दिन चाहन्छु। पत्रपत्रिकामा प्रकाशित समाचार, कुनै निकायमा परेका उजुरी र जनसरोकारका विषयमा लेखा समितिले पालना गरेको कर्तब्यबाट कुनैपनि सरोकारबाला निकायहरुमा पर्न गएको भ्रमलाई चिरेर आगामि दिनमा सहकार्यको वातावरण सिर्जना गर्न सकेमा सर्वाङ्गिण हित हुने विषयमा विश्वस्त छु।

लामो समयसम्म सभापतिको निर्वाचन हुन नसकेका कारण समितिको काम सुचारु हुन नसकेको अवस्था थियो। मिति २०८१ साल जेठ ७ गतेबाट सभापति लगायत १७ जना सदस्य सहित यस समितिले पूर्णता पाएपश्चात्, छोटो अवधिमा यस समितिका ८(आठ) वटा बैठकहरु बसे। प्रत्येक बैठक नयाँ नयाँ विषयमा छलफल गरी निर्णय भएका विषयहरलाई मूर्तरुप दिन कार्यान्वयन प्रकृया थालिएको व्यहोरा जानकारी गराउन चाहन्छु।

Mini Parliament का रुपमा रहेको यस समितिले गरेका निर्देशन र निर्णय कार्यान्वयनको विषयमा प्रदेश सरकारका सार्वनजनिक निकायहरुले देखाएको ढिलासुस्तीप्रति समितिको गम्भीर ध्यानाकर्षण भएको जानकारी गराउँदै यस्तै अनपेक्षित ढिलासुस्ती र उदासीनताले गर्दा समितिलाई आफ्नो उद्देश्य तथा लक्ष्य पूरा गर्न अझ चुनौतीपूर्ण हुनसक्ने देखेकोछु।

निर्णय कार्यान्वयनका विषयमा हालसम्म भए गरेका कार्यहरुमा बागमती प्रदेशभित्रका मन्त्रालय र अन्तरगतका निकायहरुबाट सञ्चालनमा रहेका बहुवर्षीय /

क्रमागत आयोजनाहरुको विवरण समितिबाट माग भएको। १२ वटा मन्त्रालयबाट क्रमागत बहुवर्षीय आयोजनाको सूची पत्र मर्फत् माग गरी पठाइएकोमा हालसम्म जम्मा ८ वटा निकायबाट मात्रै यस समितिलाई जवाफ प्राप्त भएको अवस्था छ। आफ्नो र मातहत अन्तर्गत सञ्चालनमा रहेका आयोजनाहरुको सूची पठाउन समेत ढिलासुस्ती र उदासीनता देखाउने ती निकायहरुबाट हुने सेवा प्रबाहलाई जनमानसले कसरी अनुभव गरेका होलान् ? अनुमान गर्न सकिन्छ।

**माननीय सभामुखज्यू,**

अन्त्यमा, सार्वजनिक लेखा समितिले गरेका कार्य र दिइएका सुझाबहरु प्रतिवेदनमा राखिएको जानकारी गराउँदै सम्मानित सदन समक्ष भन्न चाहन्छु कि हामी सबै जनप्रतिनिधिले मुलुक, जनता र उनीहरुको जनमतप्रति नतमस्तक हुनै पर्दछ। सार्वजनिक वित्तको प्रभावकारी खर्च गर्ने प्रकृयामा स्रोत साधनको दिगो व्यवस्थापन, खर्चको न्यायोचित बाँडफाँड, सार्वजनिक सम्पत्तिको सदुपयोग र निगरानी हुनु भनेकै वित्तीय संघीयताको सम्मान हो। मुलुक र जनताको लागि खर्च हुने विषय न्यायीक हुनु पर्दछ, सर्वपक्षीय हुनु पर्दछ र लाभदायीपनि हुनै पर्दछ। त्यसैले लगानी भएको खर्च जनउपयोगी छ वा छैन भन्ने विषयमा यस समितिले बारम्बार निगरानी गर्ने, खबरदारी गर्ने र आवश्यकता अनुसार सुझाब तथा निर्देशन दिने नै छ। यस्ता प्रकारका सुझाब र निर्देशन सम्बन्धित सरोकारबाला निकायले यथा समयमा नै पालना गरिदिएर समितिको काममा हातेमालो गर्ने कुरामा म विश्वस्त छु र आगामि दिनमा यो समिति आफ्नो कार्यक्षेत्रमा अझ सक्रिय, सचेत अनि सजग रहने छ भन्ने विश्वास दिलाउन चाहन्छु। धन्यवाद।

**माननीय श्रीराम लामिछाने**
**सभापति**
सार्वजनिक लेखा समिति
बागमती प्रदेश

बागमती प्रदेश सभा

# सार्वजनिक लेखा समिति

## सभापति माननीय श्रीराम लामिछाने

<u>सदस्यहरु</u>

| क्र.सं. | नाम थर | राजनीतिक दल | निर्वाचित प्रकृया | सम्पर्क नम्बर |
|---|---|---|---|---|
| १ | मा. इन्द्र प्रसाद गोतामे | नेकपा माओबादी केन्द्र | प्रत्यक्ष | ९८५११५९१९९ |
| २ | मा. कृष्णकुमार तामाङ | नेपाली काँग्रेस | प्रत्यक्ष | ९८५१०८४७२० |
| ३ | मा. कृष्ण प्रसाद सिलवाल | नेकपा एमाले | प्रत्यक्ष | ९८५१००१३८२ |
| ४ | मा. गिर बहादुर तामाङ | राष्ट्रिय प्रजातन्त्र पार्टी | प्रत्यक्ष | ९८५५०५१३८२ |
| ५ | मा. पुकार महर्जन | नेपाली काँग्रेस | प्रत्यक्ष | ९८४१६२२७४९ |
| ६ | मा. प्रेम बहादुर पुलामी | नेकपा माओबादी केन्द्र | प्रत्यक्ष | ९८५५०६७८९९ |
| ७ | मा. भरत बहादुर के. सी. | नेकपा एमाले | प्रत्यक्ष | ९८५११४३७७९ |
| ८ | मा. मातृका प्रसाद भट्टराई | नेकपा माओबादी केन्द्र | प्रत्यक्ष | ९८५२८३२४४८ |
| ९ | मा. माया कुमारी कार्की | नेकपाल एमाले | समानुपातिक | ९८५४०४०७३१ |
| १० | मा. माया श्रेष्ठ | नेपाली काँग्रेस | समानुपातिक | ९८४५०५६४६७ |
| ११ | मा. मीन कृष्ण महर्जन | नेपाली काँग्रेस | प्रत्यक्ष | ९८५१०२५७७७ |
| १२ | मा. राजेन्द्र प्रजापति | राष्ट्रिय प्रजातन्त्र पार्टी | प्रत्यक्ष | ९८५१०१९४४३ |
| १३ | मा. वसन्त प्रसाद मानन्धर | नेकपा एकीकृत समाजवादी | प्रत्यक्ष | ९८४१५२८५१९ |
| १४ | मा. विनु रायमाझी पौडेल | नेपाली काँग्रेस | समानुपातिक | ९८५५०६५८४४ |
| १५ | मा. शुक माया तामाङ | नेकपा एमाले | समानुपातिक | ९८१६७९३७६३ |
| १६ | मा. सरिता खड्गी | नेपाली काँग्रेस | समानुपातिक | ९८४३२१९२३४ |
| १७ | मा. सुरज चन्द्र लामिछाने | नेपाली काँग्रेस | प्रत्यक्ष | ९८५१०३६१३६ |
| १८ | **समिति सचिव** - श्री विष्णुकुमार भट्टराई | | | ९८५११८९९२५ |

## परिच्छेद १

## समितिबाट सम्पादित मुख्य मुख्य कार्यहरु

१. सार्वजनिक लेखा समितिको कार्या सञ्चालन कार्यविधि, २०८० निर्माण,

२. मन्त्रालयसंग सम्बन्धितः

क) समितिको कार्यक्षेत्रभित्र रहेका सरोकारबाला १२ वटा मन्त्रालय र अन्तर्गत रहेका निकायहरुबाट बहुवर्षीय / ठूला क्रमागत आयोजनाहरुको सूची माग तथा अध्ययन

ख) प्राप्त सूची अनुसारका आयोजनाहरुको सुक्ष्म अध्ययन तथा अनुगमनको कार्यमा तयारी।

## परिच्छेद २
## समितिका निर्णयहरु

**बैठक संख्या १**

मितिः २०८० भदौ १९

**निर्णयहरु**

क) सार्वजनिक लेखा समितिको कार्य सञ्चालन कार्यविधिको प्रारम्भिक मस्यौदा उपर छलफल गरी कार्यविधिको मस्यौदा परिमार्जनको लागि कार्यविधि मस्यौदा तर्जुमा उपसमिति गठन गर्ने,

ख) कार्यविधिको मस्यौदा परिमार्जनको लागि कार्यविधि मस्यौदा तर्जुमा उपसमितिमा निम्न सदस्यहरु रहनेः

| क्र. सं. | सदस्यहरुको नामथर | पद |
|---|---|---|
| १ | मा. प्रभात तामाङ | संयोजक |
| २ | मा. प्रेमबहादुर पुलामी | सदस्य |
| ३ | मा. मायादेवी शर्मा | सदस्य |
| ४ | मा. कृष्ण सिलवाल | सदस्य |
| ५ | मा. राजेन्द्र प्रजापति | सदस्य |
| ६ | उपसचिव, मनुका घिमिरे | सदस्य सचिव |

ग) कार्यविधि मस्यौदा तर्जुमा उपसमितिले ७ दिनभित्र कार्यविधि तयार गरी समितिमा पेश गर्ने।

## परिच्छेद ३

## समितिका निर्णयहरु

**बैठक संख्या २**

मितिः २०८० असोज १६

**निर्णयहरु**

क) सार्वजनिक लेखा समितिको आन्तरिक कार्य सञ्चालन कार्यविधि आवश्यकता अनुसार परिमार्जन गर्ने,

ख) सार्वजनिक लेखा समितिले देहाय बमोजिम उप-समिति रहने गरी गठन गर्नेः

| क्र. सं. | उपसमितिहरु |
|---|---|
| १ | मन्त्रालय र मातहता निकायले गरेको काम कारबाहीको अध्ययन, अनुगमन तथा मूल्याङ्कन उपसमिति |
| २ | खनिज अनुगमन तथा खरिद अनुगमन उपसमिति |
| ३ | इन्धन छानवीन, वार्षिक प्रतिवेदन तथा निर्देशन कार्यान्वयन अनुगमन, मूल्याङ्कन उपसमिति |
| ४ | योजना अनुगमन तथा मलेपको प्रतिवेदन बेरुजू उपर छलफल गर्न गठित उपसमिति |

## परिच्छेद ४

## समितिका निर्णयहरु

**बैठक संख्या ३**

मितिः २०८० असोज २०

**निर्णयहरु**

१. सार्वजनिक लेखा समितिको "सार्वजनिक लेखा समितिको कार्यसञ्चालन कार्यविधि, २०८०" स्वीकृत गर्ने निर्णय।

# <u>परिच्छेद ५</u>
## समितिका निर्णयहरु

**बैठक संख्या ४**

मितिः २०८० असोज

**<u>निर्णयहरु</u>**

१. सार्वजनिक लेखा समितिका सभापतिज्यू र लेखा समितिका सदस्यज्यूसंगको भेटघाट तथा छलफल गर्ने,

२. विविध।

# <u>परिच्छेद ६</u>
## समितिका निर्णयहरु

बैठक संख्या ५

मितिः २०८१ जेठ ०५

**<u>निर्णयहरु</u>**

**१.** माननीय श्री कृष्णकुमार तामाङ प्रस्तावक र माननीय श्री माया श्रेष्ठ समर्थक बनी एकमात्र उमेदवारी दर्ता भएको हुँदा माननीय श्री श्रीराम लामिछानेज्यूलाई निर्विरोध निर्वाचित भएको घोषणा ज्येष्ठ सदस्य माननीय श्री भरत बहादुर के.सी. बाट घोषणा गरी नवनिर्वाचित सभापतिलाई शुभकामना दिने।

# <u>परिच्छेद</u> ७
## समितिका निर्णयहरु

**बैठक संख्या ६**

मितिः २०८१ जेठ १५

**<u>निर्णयहरु</u>**

१. निर्विरोध निर्वाचित हुनु भएका यस समितिका सभापतिज्यूलाई बधाई दिंदै आज गणतन्त्र दिवसको उपलक्ष्यमा शुभकामना आदन प्रदान,

२. बागमती प्रदेश, मन्त्रालय र अन्तर्गत सञ्चालनमा रहेका बहुवर्षीय / क्रमागत ठूला आयोजनाहरुको नामावली सूची (Name List) ३ (तीन) दिनभित्र यस समितिमा उपलब्ध गराउनको लागि मन्त्रालयहरुमा समिति सचिवले पत्राचार गर्ने,

३. आगामि २०८१ जेठ ३० गते दिनको २:०० बजे समितिको बैठक बस्ने।

# <u>परिच्छेद</u> ८
## निष्कर्ष

- यस अवधिमा यो समितिले ठूलो उपलब्धि हासिल गरेको भनेको **सार्वजनिक लेखा समितिको कार्य सञ्चालन कार्यविधि, २०८०** पारित हुनु हो।
- यसैगरी, समितिको दोस्रो बैठकले गठन गरेको इन्धन छानवीन, वार्षिक प्रतिवेदन तथा निर्देशन कार्यान्वयन अनुगमन, मूल्याङ्कन उपसमितिबाट इन्धन प्रयोगमा हुने गरेका लापरबाहीका विषयमा अनुगमन गरेको पाइएको छ।
- यस समितिको लामो समयसम्म सभापतिको निर्वाचन हुन नसकेका कारणले गर्दा समिति चलायमान हुन सकिरहेको थिएन। मिति २०८१ साल जेठ ७ गते समिति गठनले पूर्णता पाएयता छैठौं बैठकबाट पारित भएको निर्णयानुसार बागमती प्रदेशका १२ वटा मन्त्रालयहरुबाट मन्त्रालय र अन्तर्गत सञ्चालनमा रहेका बहुवर्षीय / क्रमागत ठूला आयोजनाहरुको नामावली सूची (Name List) माग भएकोमा हालसम्म ७ वटा मन्त्रालयबाट मात्रै सूची प्राप्त भएको छ। Mini Parliament को रुपमा रहेको सार्वजनिक लेखा समितिबाट माग भएको विवरण समयमा नै उपलब्ध गराउन समेत उदासीन देखिएका मन्त्रालयहरुबाट जनसरोकार र जनहितका विषयमा वित्तीय अनुशासन अनुसार नै काम कारबाही भएको छ भन्ने विषयमा पक्कै प्रश्नवाचक चिन्ह खडा गर्न सकिन्छ।

अन्त्यमा, मेरो नेतृत्व सहितको कार्यकालमा प्रदेश सभा नियमावली, २०७४ र सार्वजनिक लेखा समिति कार्य सञ्चालन कार्यविधि, २०८० ले निर्दिष्ट गरेका क्षेत्राधिकार अनुसारका प्रत्येक क्षेत्रमा म अनि मेरा सम्पूर्ण टीमले निष्पक्षता र तटस्थताका साथ नियम-कानूनको अधिनमा रही कार्य सम्पन्न गर्ने गराउने विषयमा सचेतता, सजगता अनि पूर्ण जिम्मेबारीका साथ आफ्नो काम, कर्तब्य र अधिकारको प्रयोग गर्दै आगामि दिनहरुमा वित्तीय अनुशासनका सन्दर्भमा अपेक्षाकृत नतिजा हासिल गर्ने कुरामा दत्तचित्तका साथ लागिपर्ने छौं भनी यो सम्मानित सभालाई विश्वास दिलाउन चाहन्छु।